

लोकतान्त्रिक गणतन्त्रको एकमात्र आधार "सत्य, तथ्य र खोजमुलक समाचारको संबाहक"

# कृपा दैनिक

**सूचना सूचना सूचना**

५ बर्षके निचेके सम्पूर्ण बच्चा सबके पोलियो थोपा खियाँई आ लुल्ला लङ्ड तथा अपाङ्ग होये से बचाँई । ई सब अपनेके वार्डमे तथा खोप क्लिनीकमे ले जाके महिला स्वास्थ्य स्वंयम सेवीका दिदि से खियवाई ।

पोलियो थोपा खियाबेके मिति इहे माघ १९ गते से माघ २० गते तक खियावल जा रहल बा ।

**जिल्ला स्वास्थ्य कार्यालय बारा**

❖ वर्ष :- ४ ❖ अंक - ३२७ ❖ २०६४ माघ १८ गते शुक्रवार 2008 Feb 01 ❖ मूल्य रू. २/- ❖ पृष्ठ संख्या :- ४

# वम विष्फोट गराउने नै घाइते भएको आशंखा

## घाइते मध्ये एघार जनालाई काठमाडौं रिफर

■कृपा संवाददाता ——

वीरगंज १७ माघ/वुधवार वीरगंजको नारायणी रंगशालामा सात राजनीतिक दलले आयोजना गरेको जनसभामा वम विष्फोट गराउने नै घाइते भएको आशंखा प्रहरीले गरेको छ।

६४ जना घाइते हुने गरी सभा वाहिर भएको विष्फोटमा परी घाइते मध्ये थप एघार जनालाई विहीवार सेनाको हेलिकप्टर मार्फत काठमाडौं पठाइएको पर्साका प्रहरी नायव उपरिक्षक शौरभ विक्रम राणाले जानकारी दिनुभयो।

विहीवार काठमाडौं रिफर गरिएकाहरुमा रौतहटका फिरोज आलम लगायत सवै पर्सा जिल्लाका भएको पनि उहाँले जानकारी दिनु भएको छ। विशेषगरी राम प्रवेश यादव, राज कुमार पटेल, चन्द्रिका यादव, सत्यनारायण प्रसाद रौनियार, विरेन्द्र महतो थारु, विजय राउत, साहेव प्रसाद यादव, रामासिष प्रसाद यादव, बारा सिमराका कृष्ण खनाल र किशोर यादवलाई सेनाको हेलिकप्टर मार्फत काठमाडौं दिउँसो सिमरा विमानस्थलबाट पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

शंखास्पद दुई जनाको वीरगंज स्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको प्रहरीले दावी गरेपनि अस्पताल श्रोतले सवै उपचार प्रश्चात घर गइसकेको जनाएको छ।

पर्साको उदयपुरघुर्मीबाट एउटै मोटसाइकलमा ३ देखि ४ जना आएका कारण घर कसरी फर्कने भन्ने योजना उनीहरुले वनाई रहेका वेला उनीहरुकै माझमा वम विष्फोट भएका कारण सोही ठाउँका सवैभन्दा धेरै २९ जना घाइते भएको जनाइएको छ।

प्रमुख जिल्ला अधिकारी भोला शिवाकोटी, प्रहरी उपरीक्षक योगेश्वर रोमखामी, प्रहरी नायव उपरिक्षक शौरभ विक्रम राणा पनि घटना भएको स्थल नजिकै रहेको र संयोगवश आफु र प्रहरी उपरिक्षक रोमखामीलाई केही नभएको प्रहरी नायव उपरिक्षक राणाले कृपा दैनिकलाई वताउनुभयो।यसअघि वुधवार गम्भीर घाइते भएका लाहानकी विमला कार्की, पर्सा उदयपुर घुर्मीका भरत प्रसाद यादव, आरती प्रसाद यादव र मुन्नी प्रसाद यादवलाई हेलिकप्टर मार्फत काठमाडौं पठाइसकिएको थियो। यसैवीच विष्फोटमा सलग्न रहेको आरोपमा नियन्त्रणमा परेका १३ जना मध्ये अनुसन्धानका क्रममा केहीलाई छाडिएको र केही वाँकी रहेको प्रहरीले जनाएको छ। सो वम विष्फोटमा परी पर्साका प्रमुख जिल्ला अधिकारी भोला शिवाकोटी घाइते हुनु भएकोमा उहाँ उपचार पश्चात फर्कि सक्नु भएको छ।

यसैवीच**अज्ञात समुहले वीरगंज उपमहानगरपालिका वडा नम्बर ९ मा रामटोल स्थित नेपाली कांग्रेसका पूर्व सांसद रमेश रिजालको घरलाई लक्षित गर्दै आज सांझ ७ बजे सुथली बम विष्फोट भएको छ।अज्ञात हतियारधारी समुहले बम विष्फोट गराएको भए पनि सो बम विष्फोटबाट मानवीय तथा भौतिक क्षति भने नभएको प्रहरीले जनाएको छ।**

## विष्फोटको भर्त्सना गर्नेक्रम जारी

■*कृपा संवाददाता* ——

*वीरगंज १७ माघ/ वुधवार सातदलको गठवनधनले वीरगंजमा आयोजना गरेको सभामा भएको वम विष्फोटको भर्त्सना आउनेक्रम जारी रहेको छ।*

*विहीवार लोकतान्त्रिक मधेसी संगठनका केन्द्रीय सचिव डा. वंशीधर मिश्रले विज्ञप्ति जारी गरी घटनाको घोर भर्त्सना गर्नु भएको छ। उक्त घटना प्रतिगामीहरुको नियोजित षडयन्त्रको पराकाष्ठ भएको भनी कडा टिप्पणी समेत मिश्रद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।*

*त्यसरी नै राष्ट्रिय जनमोर्चा जिल्ला कार्य समिति बाराका अध्यक्ष दिपक चौधरीले पनि विज्ञप्ति जारी गरी घटना लोकतान्त्रिक पद्धतिको मूल्य र मान्यता विपरित भएको ठहर गर्नुभएको छ। आइन्दा यस्ता घटना नदोहोऱ्याउन समेत चेतावनी दिइएको छ। त्यसैनै प्रजातान्त्रिक राष्ट्रिय युवा संघ पर्साका सचिव मन्जुर आलमले पनि विज्ञप्ती जारी गरी घटनाको भर्त्सना गर्नुभएको छ।*

## संचारगृहमा भएको विषफोटको भर्त्सना

■कृपा संवाददाता ——

वीरगंज १७ माघ/ बुधवार राती वीरगंजबाट प्रसारण भइरहेको इन्द्रेणी एफ.एममा गरिएको वम विष्फोटको विभिन्न संघ संगठनहरुले विज्ञप्ति जारी गरी घोर भर्त्सना गरेका छन्।

नेपाल पत्रकार महासंघ पर्सा शाखाका सभापति शत्रुधन नेपालले विज्ञप्ति जारी गरी संचारक्षेत्रमा गरिएको आक्रमणको घोर भर्त्सना गर्नु भएको छ। त्यसरी नै प्रेस काउन्सिलका केन्द्रीय सदस्य दीपेन्द्र चौहानले विज्ञप्ति जारी संचार क्षेत्रमा भएको विष्फोटबाट आफू चिन्तित भएको वताउनु भएको छ।

सोही एफ एमका प्रवन्ध निर्देशक राजेन्द्र खनालले पनि विज्ञप्ति जारी गरी जनतालाई सुसुचित गर्ने संस्था माथि गरिएको आक्रमणको निन्दा गर्नु भएको छ। प्रेस युनियन पर्सा शाखाका सभापति काशिनाथ यादव, प्रेस चौतारी पर्सा शाखाका अध्यक्ष राघव साह, मेची महाकाली मिडिया सोसाइटीका श्रीराम रायमाझी लगायतका संचार क्षेत्रसँग सम्वन्धित संस्थाहरुले ईन्द्रेणी एफएम ९७.६ मेघा हर्जमा गराइएको वम विष्फोटको घोर भर्त्सना गरेका छन्। त्यसरी नै प्रजातान्त्रिक युवा संघका सचिव मन्जुर आलमले राजावादीहरुले संविधान सभा विथोल्ने हिसाबले ईन्द्रेणी एफ.एम.मा बम विष्फोट गराईको ठहर गरेको छ। राष्ट्रिय फोटो पत्रकार समूहका पर्सा अध्यक्ष प्रविण मानन्धरले पनि ईन्द्रेणी एफ.एम.मा भएको बम विष्फोट घोर भर्त्सना गर्नुभएको छ।

# हामी वार्ता विरोधी होइनौं -महतो

■कृपा संवाददाता ——

रौतहट, १७, माघ / नेपाल सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष राजेन्द्र महतोले आफूहरु वार्ता विरोधी नभएको कुरा गर्नुभएको छ।

अध्यक्ष महतोले उक्त कुरा विहीबार संयुक्त मधेशी मोर्चाद्वारा गौरमा आयोजित विरोधसभालाई सम्बोधन गर्दै बताउनुभएको हो। प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले आफ्ना १९ सूत्रीय मागलाई व्यवस्था गरी वार्तामा आउन आव्हान गरेको कुरा हास्यास्पद भन्दै अध्यक्ष महतोले माग पुरा भई सार्थक वार्तामा बस्न आफ्नो पार्टी तयार रहेको बताउनु भयो।उक्त विरोधसभालाई सम्बोधन गर्दै सो पार्टीका राष्ट्रिय उपाअध्यक्ष लक्ष्मणलाल कर्णले संविधान सभाको निर्वाचनबाट मधेशीको अधिकार सुनिश्चित हुने हुदा निर्वाचन प्रणालीमा सुधार नगरिए अबको आन्दोलन निर्णायक हुने बतानुभयो। सो सभालाई सद्भावना पार्टीका महासचिव अनिल झा, फोरमका जिल्ला अध्यक्ष गणेश यादव, निलम वर्मा, जमसैद आलम, सुप्रिम, किरण ठाकुर लगायतकाले सम्बोधन गर्नुभएको थियो।



# राजश्व गस्तीद्वारा विभिन्न ठाउंबाट २२ बोरा अवैध मल बरामद

■कृपा संवाददाता ——

कलैया, १७, माघ / सशस्त्र राजश्वको गस्ती टोलीले विहीबार बारा तथा पर्साका विभिन्न ठाँउबाट भन्सार छलि ल्याइएको २२ बोरा मलखाद बरामद गरेको छ।

उक्त प्रहरी टोलीले विशेषगरी बाराको सिम्रौनगढ क्षेत्रबाट सबैभन्दा बढी १६ बोरा मल बरामद गरेको बताइएको छ। भन्सार छलेर लुकाई ल्याइएको मल सो क्षेत्र बाट प्रहरीले नियन्त्रणमा लिएको हो।



बरामद गरीएका मलखाद। *तस्विर: कृपा दैनिक*

त्यसैगरी नेपाल भारतका सिमावर्ती ईलाकाबाट ६ बोरा मल बरामद गरेको पनि बताइएको छ। खेतमा साईकलमा स्थानीय कृषकहरुले अवैद्य तरिकाले राखेको ४ बोरा मल समेत प्रहरीले बरामद गरेको जनाइएको छ।

## अर्न्तक्रिया सम्पन्न

**वीरगंज/ माघ १७ वीरगंजस्थित कन्चनजंगा बोर्डिंग स्कुलमा वीरगंज जागरण मंच(विजाम)द्धारा एच आई भि एड्स र लागु औषध सम्बन्धि एक दिने कार्यक्रम आज सम्पन्न भएको छ।**

**सो कार्यक्रममा कक्षा ८ र ९ का गरी २२ जना विद्यार्थीको सहभागिता रहेको थियो। विद्यार्थीहरु एच आई भि एड्स र लागु औषधको जोखीममा पर्ने भएकाले सो बाट बच्न यस सिसीमको कार्यक्रम ल्याईएको कार्यक्रमका सहयोगी संतोष थापाले बताउनु भयो।**

**सो कार्यक्रममा विद्यार्थीहरुलाई तीन समूहमा विभाजन गरी अर्न्तक्रिया गरिएको कन्चनजंघाका निर्देशक मार्टिन मोक्तानले बताउनुभयो। विद्यार्थीहरुको टोली संयोजकमा नेहा पौडेल,न्यन्सी श्रेष्ठ र दिपिका वर्मा रहनु भएको थियो भने कार्यक्रममा पत्रकार दिनेश शर्मा, कादम्बरी एकेडेमीका सहायक प्रिन्सिपल रन्जिव आनन्द,स्वास्थ्य शिक्षक मोहन देवकोटा तथा आयोजक विजामका मिलन अधिकारी,संजय सिंह,निरज साह,कमल सत्याल लगायतको उपस्थित रहेको थियो।**

# राज्यमन्त्रीद्वारा कृषि अनुसन्धान निरिक्षण

■कृपा संवाददाता ——

कलैया, १७, माघ / कृषि राज्यमन्त्री नागेन्द्र चौधरीले बारा जिल्लाको परवानीपुरमा अवस्थित क्षेत्रीय कृषि अनुसन्धान कार्यालय निरिक्षण गर्नुभएको छ। सो कार्यालय निरिक्षण गर्दै राज्यमन्त्री चौधरीले तराईमा स्थापना गरिएका यस्ता कृषि कार्यालयहरुले कृषकहरुलाई विभिन्न कुरामा टेवा पुऱ्याउने कुरा गर्नुभयो। उहांले तराईका सबै कृषकको समस्यालाई ध्यान दिन समेत सो कार्यालयका प्रमुखलाई निर्देशन दिनुभयो। यसैगरी उहांले नेपाल कृषिमा आश्रित भएकोले बैज्ञानिक र खोजमुलक पद्धति कृषकहरुलाई सिकाउन समेत आग्रह गर्नुभयो। सो कृषि अनुसन्धान कार्यालयले गरिरहेको कामको बारेमा



कार्यालय प्रमुख मिश्रीलाल साहले राज्यमन्त्री चौधरीलाई जानकारी गराउनु भएको थियो।

निरिक्षणको क्रममा नेकपा एमालेका केन्द्रीय सदस्य पुरुषोतम पौडेल, मनोज आलम लगायतका पनि हुनुहुन्थ्यो।

# सुरक्षा गार्डको गोली हानी हत्या

■कृपा संवाददाता ——

सर्लाही, १७, माघ / एक परियोजनाका सुरक्षा गार्डलाई बुधबार राती गोली हानी हत्या गरिएको छ।

सागरनाथ बन व्यवस्थापन परियोजनाका सुरक्षा गार्ड कर्णबहादुर बिकलाई अज्ञात हतियारधारी समूहले विहीबार मध्यान्ह १२ बजे गोली हानी हत्या गरेको सर्लाहीका प्रहरी उपरिक्षक गणेश के.सी.ले जानकारी दिनुभयो। टाउको र पेटमा गोली लागेका बिक सर्लाही भक्तपुर गाविसका हुन्। उनको शवलाई पोष्टमार्टमका लागि जिल्ला स्थित अस्पतालमा राखिएको बताइएको छ। परियोजनाको सुरक्षा बुझ्दै फकदै गर्दा गौरीशंकर गाविसमा पछाडि पट्टिबाट गोली प्रहार गरी हत्या गरिएको हो। यसैबीच सो हत्याको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला समूहका सर्लाही, महोत्तरी, ईन्चार्ज रन्जनले लिएको बताइएको छ।

# शिवपुरीबाट चितल स्थान्तरण

■कृपा संवाददाता ——

वीरगंज, १७, माघ / पर्सा बन्यजन्तु आरक्षण भित्र थप ३१ चितललाई स्थान्तरण गरिएको छ।

काठमाडौं स्थित शिवपुरी बन्यजन्तु निकुञ्जबाट उक्त चितल छाडिएको उक्त आरक्षणले जनाएको छ। यस अघि पनि सोही ठाँउबाट ४ भाले र १७ पोठी चितल स्थान्तरण गरिसकेको आरक्षण प्रमुख रामबाबु यादवले जानकारी दिनुभयो।

## ढुकुर खसे झै मान्छे आँखै अगाडि खस्दा भ्रमजस्तो लाग्दो, जनमानसलाई

विशेषगरी पाकिस्तान, इराक जस्ता देशहरुमा सभा आयोजना गरिएको ठाउँमा वम विष्फोट भएको घटनालाई मात्र नेपाली जनताले टेलिभिजनबाट हेर्ने गर्दथे। एघार वर्षे माओवादी जनयुद्धलाई समेत नजिकबाट नियाल्न नपाएका तराईका सहरका जनताले अहिले टिभीमा भन्दा आँखै अगाडि देख्दा आँखाकै भ्रम होकी भन्ने लागेको बताउँछन्।

वुधवार सातदलले वीरगंजको नारायणी रंगशालामा सभाको आयोजना गरेको थियो। सभा गर्न पाउने सवैको अधिकार हुन्छ। सभामा सामान्य सर्वसाधारण नागरिक मात्र जान्छन्। कुन नेताले के बोल्छ भन्ने कुरामा तल्लिन रहेका वेला वम विष्फोट गराउनु भनेको भारतीय र अपराधिक क्रियाकलाप मात्रै हो। किनकी निहत्था नागरिकको हत्या गरेर वहादुरी कमाउन खोज्नु मूर्खता मात्रै हो।

सभा १२ वजे सुरु गरिने भनिएको भएपनि २ बजेर १५ मिनेट गएपछि मात्र सुरु भएको थियो। रंगशालाभित्र प्राय खचाखच नै जनमानस थिए।

**कृपा दृष्टि**

वाहिर पनि थिए। सवै आफ्नै सुरमा वसेर भाषण सुन्दै थिए। सभामा वोल्ने वक्ताहरुका कुरालाई गहनताका साथ विश्लेषण गरि रहेका आम जनमानसमा एक प्रकारको भय भने थियो नै।

अन्तिम वक्ताको रुपमा जव मन्त्री समेत रहेका फरमुल्लाह मंसुर भाषण गर्न मंचमा गए। करिव उनले आधा जती भाषण गरेका थिए होला सभाको वाहिरपट्टी गाडी पार्किङ्ग गरेर राखिएको थियो, त्यहाँ सामान्य खालको वम पडकिएको आवाज आयो। आवाजसँगै धुवाँ आयो। पछि त ढुकुर खसे झै मान्छे खसेको देखेर कतै आफ्नै आँखाको भ्रम त होइन भनी जनमानसले भने तर घटना वास्तविक थियो। प्रहरीको घेराभित्र नै वम विष्फोट भयो।जसमा परी ५६ जना घाइते भएको कुरा आयो। त्यसपछि जनमानसमा आतंक छायो। तर पनि आँखा अगाडि मान्छे ढुकर खसे झै खसेको देख्दा भ्रम जस्तो र फिल्म जस्तो लाग्यो भन्छन्, जनमानसहरु।

## महावाणी

ध्यायतो विषयान्पुंसः संगस्तेषूपजायते ।
संगात्सञ्जायते कामः कामात्क्रोघोभिजायते ।।

*When a man allows his mind to muse on the objects of sense-enjoyments, an attraction for them is created. Attraction develops into craving and from craving follow causes for anger.*

**प्रधान सम्पादक** : नवराज उपाध्याय
**प्र. निर्देशक/सम्पादक** : कमल कुमार उपाध्याय
९८४५०४१८८५,९८०४२७७३२२
**कार्यकारी सम्पादक** : कृष्णउदास खनाल, विनोद प्याकुरेल
**प्रकाशक/मुद्रक** : कुशल प्रकाशन अफसेट प्रेस, बारा
**विशेष सहयोगी** : ओमप्रकाश ठाकुर / रमेश तिमल्सिना
**आई.टी. प्रमुख** : भुवन कुमार झा
कार्यालय- आचार्य इलेक्ट्रोनिक्स, भरतचौक, कलैया
फ्याक्स नं. ०५३-५५०५६६,
श्रीपूर, वीरगंज-१६,
फोन नं. ०५१-५२४३६६, फ्याक्स ०५१-५२३०७६
**e-mail**:– kreepadaily@gmail.com
http://kreepa.wordpress.com

## सम्पादकीय......

### फेरि निसाना संचारक्षेत्र नै

*ठीक एकवर्ष पहिले वीरगंजमा रहेको एक संचारमाध्यमलाई क्षति पुऱ्याएको एक वर्षपछि नै पुनः वीरगंजमा नै रहेको अर्को संचारक्षेत्रमा आक्रमणको प्रयास गरिएको छ । संचारक्षेत्र वा संचारकर्मी भनेको कसैको प्याओ हुँदैन भन्ने कुरा जवसम्म वुभिmदैन तवसम्म नेपाली प्रेसले स्वतन्त्रताको महसुस गर्न पाउदैन भने उदाहरण पनि पछिल्ल समयमा देखिएको छ । समाजलाई सूसुचित पार्ने संचार क्षेत्रमाथि गरिने जुनसुकै क्रियाकलाप पनि भर्त्सना गर्न योग्य हुन्छ ।*

*तथाकथित आन्दोलन पक्षले के वुझ्नु पर्दछ भने यदी संचारक्षेत्र र संचारमाध्यमले आन्दोलनरत पक्षका समाचारलाई वन्देज गरिदिने हो भने उनीहरुको अवस्था कस्तो होला कहिल्यै सोचिएको छ । आन्दोलनलरपक्षले पड्का पटकाए पनि वम पड्काएको भनेर प्रचार गर्ने वीरगंजका संचारमाध्यमले के नै गल्ती गरेका छन् र वम हमला गरिनुपऱ्यो ? २ सयलाई चार सय भन्दा वा ४ सयलाई २ सय भनेकै भरमा आक्रमण गरिने हो भने त्यो मूर्खतापन मात्र हो ।*

*लोकतन्त्र पछि छलाङ्ग मार्दै गरेका संचारक्षेत्रलाई अहिले चौतर्फी आक्रमण गर्ने दुश्प्रयास गरिदैछ । विशेषगरी मधेसमा क्रियाशिल संचारक्षेत्र वा संचारकर्मीले यसको झन् वढी चपेटामा परेका छन् । सवैको समाचारलाई प्राथमिकता दिएर नै वीरगंजका संचारक्षेत्रले प्रसारण गार्ने गरेका छन् । तराईका भूमिगत वा अर्ध भूमिगत सवैलाई मिडियाले वढाएको हो भन्ने कुरा नवुझ्ने हो भने संभवत दशवर्षे माओवादी नियाल्दा हुन्छ । जे होस वीरगंजबाट करिव एक वर्षदेखि प्रसारण भइरहेको इन्द्रेणी एफएममा जुन प्रकारले आक्रमण गरियो त्यो भर्त्सना गर्न योग्य छ । सो घटनाको सवैले घोर भर्त्सना गर्नुपर्दछ । एउटा संचार माध्यमको हैसियतले इन्द्रेणी एफएम भएको हमला प्रति हाम्रो पनि भर्त्सना ।*

# सातदलीय प्रतिवद्धता : चुनाव सार्ने खेल मात्रै

## — अकेला —

आसन्न निर्वाचनको घडि जतिजति नजिकिँदैछ, उतिउति नै सातदलीय गठवन्धनको सरकारले सार्वजनिक सभाहरुमा जस्सरी भए पनि संविधान सभाको निर्वाचन गराईछाड्ने प्रतिवद्धता दोहऱ्याई छन् र कुनै पनि ताकतले यो निर्वाचनलाई रोक्न नसक्ने ठोकुवा समेत अगाडि आएको छ । तर साक्षात ईश्वरलाई नै दिग्भ्रमित पार्नसक्ने नेतागणहरुका यी प्रतिवद्धता र ठोकुवाहरुको कति तौल छ, त्यो त चैत्र २८ गते नै थाहा हुनेछ ।

संयुक्त मधेसी मोर्चाको आह्वानमा विगत कैयन दिनदेखि सिराहा, सप्तरी, धनुषा, महोत्तरी, जलेश्वर र वीरगञ्ज जस्ता नेपालकै महत्वपूर्ण नाकाहरु पर्ने प्रमुख शहरहरु ठप्प छन् । सम्पूर्ण उद्योगधन्दा लगायत शिक्षण सँस्थानहरुमा महिनौदेखि ताल्चा झुण्डिएका छन् र यातायात अवरुद्ध हुनाले हजारौं यात्रीहरु बाटाघाटामा अलपत्र परिरहेकाछन् । आफु विरुद्ध देखाईएका काला झण्डाहरु प्रदर्शन गरिएका छन्, चर्का चर्का नाराहरु लगाईएका छन् । डेढ घण्टा पनि बित्न नपाउँदै सभाबाट टाप कस्नु परेको छ । वार्ताका लागि निम्तो दिईए तापनि उपयुक्त वातावरण नबनाईएकोले वार्तामा बस्न नसकिने प्रतिक्रिया मधेसबाट आएको छ । के हुन् यी सब ? के राज्य र मधेस दुवैथरीले यो वार्तालाई सारसले फ्याउरालाई र फ्याउराले सारसलाई भोजमा आमन्त्रण गरेजस्तो ठानेका हुन् ? यदि त्यसो हो भने, यो नौटंकीमा को फ्याउरा हो, र कुन चाहीँ सारस हो ?

सत्तासाझेदार दलहरुमध्ये सबैभन्दा बढी क्रान्तिकारी र अग्रगमनका हिमायती ठानिएका ने.क.पा. माओवादीहरु आफ्ना दर्जनौ कार्यकर्ताहरुको मधेसमा बली चलाएपछि तिनीहरु आजका मितिसम्म पाईला टेक्नै गएका छैनन् । दस वर्षसम्म साम्राज्यवादी तथा तिनका पृष्ठपोषकहरुसँग कुकुर(बिरालाको खेल खेल्दै आएका माओवादीहरुले मुलकका सम्पूर्ण पूर्वाधारहरु ध्वश्त मात्रै पारेनन्, अपितु तिनीहरुसँगै अंकमाल गर्दै नेपालको लागि साम्यवादी लडाईलाई नै सदा सर्वदाको लागि बिराम लगायो । त्यतिले मात्रै नपुगेर अव फेरी पनि आफ्ना लुला, लंगडा र सुत्केरी छापामारहरुको ध्वाँस दिँदै आवश्यक परेमा सेना परिचालनै गरेर भए पनि तोकिएकै मितिमा निर्वाचन गराउनैपर्ने अठोट सार्वजनिक सभाहरुमा व्यक्त गरिँदैछ । अव त हुँदाहुँदा माओवादी केन्द्रीय कमाण्डबाट खरानीको थुप्रोमा टेकेरै भए पनि निर्वाचनलाई सफल बनाई छाड्ने आक्रोश बाहिर आएको छ । के हो खरानीको थुप्रो भनेको ? कस्को खरानीको थुप्रो? प्रतिक्रियावादीहरुको या बिखण्डनवादीहरुको ? बिसर्जनवादीहरुको या पुनरुत्थानवादीहरुको ? कस्को खरानीको थुप्रोमा टेक्ने बिचार छ माओवादीहरुको ? कि, ढाई करोड नेपाली जनताकै ? दस(दस वर्षसम्म खूनी खेल खेलेर पुगेन र फेरी निर्वाचनको यो घडिमा आएर यस्तो नितान्त घटिया किसिमको शब्द प्रयोग गरिएको ? बिद्रोहलाई दमनले दबाउन सक्तैन भन्ने कुरा पनि के नेपाली जनताले नै बुझाउनुपर्ने हो माओवादीका केन्द्रीय कमाण्डलाई ? यस्तै छुद्र बचन र व्यवहार सधैं देखाईरहनू, अनि आउँछ अस्सी प्रतिशत भोट र अनि भईन्छ(देशको प्रथम राष्ट्रपति ।

अध्यक्ष कामरेडको उदार र बिसर्जनबादी नीतिका कारण एकएक गर्दै पार्टीबाट अलग्गिएका हट्लाईनरहरुले विगत कैयन समयदेखि मधेसमा पृथक पृथक नाउँमा पृथक पृथक सशस्त्र विद्रोह गर्दै आईरहेका छन् । ती दलहरुले ने.क.पा. माओवादी पार्टीको नाकमा दम् गरिरहेकाछन् । चुनावै हुन दिने हुन् कि हैनन् भन्ने चिन्ताले केन्द्रीय कमाण्डकै रातको निँद हराम गरिराखेकाछन् । ने.क.पा. माओवादीहरुका लागि के यत्ति नै काफी छैन ? मधेस लोकतान्त्रिक पार्टीहरुले वार्तामा आउने हल्का संकेत गरेका थिए । तर अरु त अरु, राज्यको उपेक्षा र गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिहरु सार्वजनिक हुनथालेपछि वार्ताका लागि सबैभन्दा लचक र उदार देखिएका मधेसी जनाधिकार फोरम लगायत मधेस लोकतान्त्रिक पार्टी समेत राज्यसँग रुष्ट बन्नपुगेको देखिन्छन् । जस्सरी भए पनि, मधेसलाई ल्याउनुपऱ्यो( वार्तामा, सुन्नुपऱ्यो(उस्का कुराहरुलाई र सम्वोधन गनुपऱ्यो( उस्का जायज मागहरुलाई । र मधेस पनि कन्भिन्स हुनुपऱ्यो कि शेष रहेका मागहरुलाई संविधान सभाको निर्वाचनपछि पनि हल गर्न सकिनेछ । नत्र, सधैं नै भारतको ईशारामा संविधान सभाको निर्वाचन बिथोल्ने खेल खेलिरहने अनि भारततिर लुक्न गैरहने हो र साँच्चै नै चैत्र २८ को निर्वाचन हुनै नदिने नै हो भने मधेसलेजस्तै पहाडियाहरुले पनि बखेडा झिक्नुपऱ्यो । त्यस्को नतिजा त सबैले जानेकै कुरो हो । अर्थात्, गृहयुद्ध ।

भारतले चाहेमा मधेसको समस्या हल हुने, भारतले नचाहेमा हल नहुने भनेको के हो ? यदि त्यस्तै हो भने नेपाल(भारतका सम्पूर्ण नाकाहरुमा नेपाली सेना, वाईसीएल, जनमुक्ति सेनाका छापामार आदि आदि सम्पूर्ण ताकतहरुलाई बोर्डरमा तैनात गर्नुपऱ्यो र बोर्डर शिल गर्न नेपाल सरकारका साझेदारहरुले हिम्मत गर्नुपऱ्यो । वाईसीएलको दादागिरी काठमाडौमै मात्र किन ? मधेसमा किन नसक्ने वाईसीएलले ? काठमाण्डौंमा कमल थापा जस्ताले खुलेआम सातदलीय गठवन्धनलाई नै चुनौति दिईरहेको थाहा नपाउने, तर सुदूर पश्चिममा ने.वि.सँघले आमसभा गरेको कुरा थाहा पाउने ? यसको अर्थ(रुकुम र रोल्पामा बसेर राजधानीको खबर उत्तिखेरै पत्तो पाउने माओवादीहरुको सूचना प्रणाली आज साँच्चै नै ध्वश्त भएकै हो त ? केन्द्रीय नेताहरुले एकैस्वरमा प्रतिवद्धता दोहऱ्याईरहन्छन् तर भातृसंगठनहरुमा भने दिनहुँ मारामार । यस्तो किन ? के यस्तैखाले व्यवहारले हो चुनाव हुने ? कुनै पनि निहुँमा चुनाव रोकिन गयो भने सबैले त्यसको मुआब्जा तिर्नैपर्ने हुन्छ । चाहे ती मधेसी जनता हुन्, चाहे पहाडिया नै । सधैंभरी गृहयुद्धको ध्वाँस दिँदै राज्य र जनतालाई इमोश्नल ब्ल्याकमेल गर्न त सकिँदैन । मुलुक जाओस न भाँड्मा । जे त होला ।

नेपाली काँग्रेसको पछि लागेर चुनाव लड्दा सय(दुईसय भोट पनि नआउने संकेत पाएका महन्त ठाकुरले आफ्नो बर्चश्वका लागि मधेसको शरण परेको तथ्य कस्लाई थाहा छैन ? खरानीको थुप्रोमा टेकेरै भए पनि ने.क.पा. माओवादी पार्टी यसपालीको निर्वाचनमा जानखोज्नुको अर्थ के हो ? अर्थ स्पष्ट छ(मधेसमा आफ्नो नराम्रो पराजय हुने संकेत उस्ले पाईसकेको छ । त्यसकारण, पहिलो चरणमा राज्यले साम र दामको नीतिलाई अगाडि सारेको छ । यसलाई मधेसका कुनै पनि समूहहरुले हल्का र राज्यको नालायकीपन सम्झनु हुँदैन । राज्यको अनुनय र बिनयलाई यदि मधेसबाट राज्यको कमजोरी ठानियो भने ठूलो ऐतिहासिक भूल हुनेछ । किनभने, राज्यसँग अझै पनि दुईवटा उपायहरु ज्यौँका त्यौँ छन् । पहिल्यै सबै अचूक सश्त्र र अश्त्र जति प्रयोग गर्नथालियो भने पछि के प्रयोग गर्ने ? गुलेली ?

आजको स्थिति भनेकै ढाँटै ढाँटको स्थिति हो । किनभने, यहाँ सबैजना जनतासँग ढाँटको खेती गरिरहेकाछन् । मधेसलाई वार्तामा निम्त्याईएकोछ भन्दै एकातिर राज्यले ढाँटिरहेको छ भने वार्ताको उपयुक्त वातावरण नबनाएको र हामीलाई उपेक्षा गरिएको भन्दै मधेसले ढाँटिरहेको छ । आखिर जनताले कस्को कुरा पत्याउने र कस्को नपत्याउने ? साँचो र यथार्थ यहाँ को बोलिरहेको छ ? र जनतासँग कस्ले बेईमानीको खेल खेलिरहेको छ ? कस्ले दिने हो यस्को जवाफ ? कहिले बनाउने हो उचित वातावरण ? बिखण्डनको कुरा त यो देशमा कसैले गर्दै नगरोस । किनभने, नेपालको बिखण्डन कुनै पनि हालतमा सैह्य हुनेछैन । ती बाहेक के साँच्चै नै मधेस वार्तामा बस्न चाहेकै हुन् त ? यदि त्यसो हो भने नेपाल सरकारले वार्ताको लागि आह्वान गरिसकेकोछ, वातावरण पनि बनाउला । तर मधेस आउने कि नआउने वार्तामा ? कि, यी सब नौटंकी मात्रै हुन् ?

तेश्रो पटक पनि निर्वाचनको मिति सारियो वा कुनै बहानामा यसलाई टारियो भने मुलुक गृहयुद्धको चपेटामा पर्नेछ, मुलुकमा शान्ति व्यवस्था कायम रहने भने देश चौपट हुनेछ भन्ने सबैले भलिभाँति बुझेका छन् । तर आजका मितिसम्म आईपुग्दा पनि कोही किन एक पाईला अगाडि सारिरहेका देखिन्नन् ? जसरी हुन्छ, फुटाऊ र शासन गर । लिंग, धर्म, क्षेत्र, वर्ग तथा जातीयताका नाममा मुलुक जतिसुकै चिरा परोस, यिनीहरुलाई कत्ति पनि पर्वाह छैन, चाहे ती पहाडियाहरु होउन्, चाहे मधेसीहरु नै । यस कुरालाई यिनीहरुले भतिभाँति जानेका छन् कि संविधान सभाको निर्वाचनसँगसँगै नेपालको राजनीतिबाट यिनीहरु सदाको लागि उठिबास हुनेछन् । किनभने, हिजो जे थियो, त्यही ठीक थियो र आज जे छ, त्यो पनि यिनीहरुका लागि ठीकै छ । आफ्नो दुनो सोझिएको छँदैछ । जनता चाहे मरुन् या बाँचून्( यिनीहरुको कुनै लिनु(दिनु छैन । ने.क.पा. माओवादी लगायत उसँगको संयुक्त चुनावी सभाहरुमा दलहरुले प्रतिवद्धताहरु दोहऱ्याउनुको कुनै औचित्य देखिन्न । कतै, मधेसको नाममा मधेसी दलहरुले मधेसी जनतालाई नै ठग्ने प्रयास गरिरहेका त हैनन् ? कतै, मधेसको निहुँमा फेरी एकचोटी नेपाल सरकारका भोकाहाशुरहरुले यो निर्वाचन पनि टार्नखोजेको त हैन ? निर्वाचन गराईछाड्ने तथा निर्वाचन हुनै नदिने किसिमले राज्य र मधेसका तर्फबाट अभिव्यक्त गरिएका यस्ता औचित्यहीन प्रतिवद्धताहरुले एकचोटी फेरी सतीले सरापेको यो देशमा संविधान सभाको मिति सर्ने सम्भावनालाई बलियो बनाउँदै लगेको आभाष मिलेको छ ।


> *किनभने, यहाँ सबैजना जनतासँग ढाँटको खेती गरिरहेकाछन् । मधेसलाई वार्तामा निम्त्याईएकोछ भन्दै एकातिर राज्यले ढाँटिरहेको छ भने वार्ताको उपयुक्त वातावरण नबनाएको र हामीलाई उपेक्षा गरिएको भन्दै मधेसले ढाँटिरहेको छ । आखिर जनताले कस्को कुरा पत्याउने र कस्को नपत्याउने ? साँचो र यथार्थ यहाँ को बोलिरहेको छ ? र जनतासँग कस्ले बेईमानीको खेल खेलिरहेको छ ? कस्ले दिने हो यस्को जवाफ ? कहिले बनाउने हो उचित वातावरण ? बिखण्डनको कुरा त यो देशमा कसैले गर्दै नगरोस । किनभने, नेपालको बिखण्डन कुनै पनि हालतमा सैह्य हुनेछैन । ती बाहेक के साँच्चै नै मधेस वार्तामा बस्न चाहेकै हुन् त ?*

## आमन्त्रण

जिल्ला खेलकुद विकास समितिको तत्वावधानमा बारा ब्याडमिन्टन संघले आयोजना गर्न लागेको अन्तर मा.वि. तथा **U 16** ब्याडमिन्टन प्रतियोगितामा सहभागी हुनका लागि आमन्त्रण गरिन्छ ।

खेल संचालन मितिः २०६४/११/५ गते देखि ७ गते सम्म
खेल स्थानः सिद्धेश्वर कवर्डहल
थप जानकारीको लागिः ९८४५०३७००३, ९८४५१२८१८४

**आयोजक**
**बारा ब्याडमिन्टन संघ**



खेल समाचार

# टुर्नामेन्टका लागि खेलाडी भुटान प्रस्थान

■ कृपा संवाददाता ———
वीरगंज, १७, माघ / वीरगंजको आदर्शनगरमा अवस्थित पशुपति आदर्श क्लबका माताहातमा रहेका १६ खेलाडीहरु भुटानमा सम्पन्न हुन गइरहेको ईन्टरनेशनल क्रिकेट टुर्नामेन्ट प्रतियोगितामा भाग लिनका लागि शुक्रबार प्रस्थान गर्ने भएका छन् । विहीबार एक समारोहका बीच सो क्लबले प्रतियोगितामा भाग लिने खेलाडीहरुलाई विदाई गरेको छ । क्लबका अध्यक्ष, सचिव लगायतकाले उनीहरुलाई विदाई गरेका हुन् । नेहाल अहमदको नेतृत्वमा १६ खेलाडी शुक्रबार भुटान प्रस्थान गर्दै छ ।



भुटान प्रस्थान गर्नु अघि सामुहीक तस्वीर खिचाउँदै खेलाडीहरु । *तस्विर: राम क्षेत्री*

# बाराका महिला फुटबल खेलाडी विजयी

■ कृपा संवाददाता ———
सिमरा, १७, माघ / अखिल नेपाल फुटबल संघको आयोजनामा कन्चनपुरमा संचालन भईरहेको १० औं राष्ट्रिय फुटबल प्रतियोगिता अन्तरगत बुधबार भएको खेलमा न्यू जनजागृति युवा क्लब सिमराबाट प्रतिनिधीत्व गरी गएका महिला खेलाडीहरु विजयी भएका छन् ।

धनकुटाका महिला समूहलाई सुन्यका विरुद्ध १ गोलले पराजीत गरी बाराली महिला खेलाडीहरु विजयी भएका हुन् । शुक्रबार सो क्लबले कास्कीका महिला खेलाडीहरुसंग भिड्न जनजागृती युवा क्लबका सचिव शम्भु सिंह ठकुरीले जानकारी दिनुभयो । रजनी लामाको नेतृत्वमा १६ जना खेलाडी १५ गते नै त्यस तर्फ प्रस्थान गरेको थियो ।

# मोटरसाइकलले पनि यात्रु बोक्न थाले


**बाबियाचौर (म्याग्दी), १७ माघ । मोटरसाइकलले पनि यात्रु बोकेको कुरा सुन्दा अचम्म लाग्न सक्छ तर निर्माणाधीन बेनी(जोमसोम मोटर बाटो खण्डअन्तर्गत पर्ने म्याग्दीको भुरुङ तातोपानीदेखि दाना गाविसको रूपसे छहरासम्म अहिले यस्तै दृश्य देख्न सकिन्छ ।सो सडक खण्डमा विगत दुई महिनादेखि मोटरसाइकलले यात्रु ओसार्ने काम गरिरहेका छन्। सत्र किलोमिटर लामो उक्त सडकखण्डमा दैनिक १० वटा मोटर साइकलले भाडामा यात्रु ओसार्दै आएका छन् । मोटरसाइकलमा यात्रु बोके बापत प्रति व्यक्ति रु.४०० लिइने गरेको सो खण्डमा मोटरसाइकलबाट यात्रु बोक्दै आएका पूर्ण बुढाथोकी बताउाछन् ।उक्त सडकखण्डमा गाडी नचलेकाले यात्रुहरूको सुविधाको लागि मानिसले बोकेर लगेको मोटर साइकलले नै यात्रु बोक्ने गरेको हो । रासस**

## विदेशी विनियम दर रेट

| मुद्रा | एकाइ | खरिददर (रु मा) | विक्रीदर (रु मा) |
|---|---|---|---|
| भारतीय रुपैयां | १०० | १६० | १६०.१५ |
| अमेरिकी डलर | १ | ६३.१४ | ६३.७० |
| युरो | १ | ९२.६० | ९४.०६ |
| पाउन्ड स्टर्लिङ | १ | १२४.८९ | १२६.६४ |
| स्विस फ्रैंक | १ | ५७.६० | ५८.३३ |

## आजको रासिफल

| | | | |
|---|---|---|---|
| मेष | साहस वढनेछ । | तुला | यात्राको सामना गर्नुपर्नेछ । |
| बृष | सहयोग मिल्नेछ । | वृष्चिक | आर्थिक लाभ हुनेछ । |
| मिथुन | काम वन्नेछ । | धनु | पढाईमा प्रगति हुनेछ । |
| कर्कट | मनमुटाव वढनेछ । | मकर | विद्यामा उन्नती हुनेछ । |
| सिंह | आयमा कमी आउनेछ । | कुम्भ | कार्य सफल हुनेछ । |
| कन्या | बोलीको प्रभाव वढनेछ । | मीन | कार्य नाश हुनेछ । |



अर्थ जगत

# विश्व बैङ्कबाट रु. १६ अर्ब सहयोग

**काठमाडौं/ माघ १७** विश्व बैङ्कले नेपाललाई करिब सोह्र अर्ब रुपैयाँ अनुदान सहयोग दिने भएको छ ।

सो अनुदानमध्ये करिब रु. छ अर्ब गरिवी निवारण कोषका लागि लगानी गरिनेछ भने अन्य रकम सडक विकास आयोजना, सिँचाइ तथा जलस्रोत व्यवस्थापन परियोजना र सबैका लागि शिक्षा परियोजनामा खर्च गरिने बताइएको छ ।

गरिवी निवारण कोषका लागि दिइएको सो रकम समुदायको आयआर्जन, वित्तीय क्षमता विकास तथा लघु भौतिक सुधार परियोजनामा लगानी गरिनेछ । सो कार्यक्रमका लागि अन्तरराष्ट्रिय विकास सङ्घद्वारा सन् २००४ देखि नै सहयोग प्राप्त हुँदै आएको छ ।

सडक विकास परियोजनाको रकम धनुषा, बैतडी, कालिकोट, दैलेख, सुर्खेत र बझाङ जिल्लाका सडक सुधार र मर्मतका लगिग छुट्याइएको छ ।यसैगरी जलस्रोत व्यवस्थापनको रकम सुदूरपश्चिम, मध्यपश्चिम र पश्चिमान्चल विकास क्षेत्रको सबै जिल्लाका साथै पर्सा, बारा, रौतहट, सप्तरी, सुनसरी, मोरङ र झापा जिल्लामा एकीकृत जलव्यवस्थापन सुधारका लागि उपलब्ध गराइनेछ ।सोसम्बन्धी सम्झौतापत्रमा आज अर्थमन्त्रालयमा मन्त्रालयका सचिव विद्याधर मल्लिक र विश्व बैङ्कका प्रतिनिधि सुश्री सुसान गोल्डमार्कले हस्ताक्षर गर्नुभएको थियो ।

सो अवसरमा अर्थमन्त्री डा.रामशरण महत र विश्व बैङ्कका उपाध्यक्ष प्रफुल पटेलको उपस्थिति थियो । नेपाल सरकारले सो अनुदान सहयोगका लागि विश्व बैङ्क र अन्तरराष्ट्रिय विकास संस्थाको सराहना गर्दै आगामी दिनमा सामाजिक र आर्थिक विकासका लागि निरन्तर सहयोगको अपेक्षा गरेको छ । रासस

# निर्वाचन विथोल्ने सपना नदेख्न मन्त्री पौडेलको चेतावनी

**म्याग्दी/ माघ १७** शान्ति तथा पुन:निर्माणमन्त्री रामचन्द्र पौडेलले संविधानसभाको निर्वाचन जस्तोसुकै बाधाव्यवधान भएपनि सम्पन्न गराइछाड्ने दृढ्ता व्यक्त गर्दै कसैले पनि आसन्न संविधानसभाको निर्वाचन बिथोल्ने सपना नदेख्न चेतावनी दिनुभएको छ ।

नेपाली काङ्ग्रेस, म्याग्दीले आज बेनीबजारमा आयोनजा गरेको आमसभालाई सम्बोधन गर्दै मन्त्री पौडेलले नेपाली जनताको एकमात्र चाहना संविधानसभाको निर्वाचन भएकाले सरकारले जनताको चाहना जस्तोसुकै कठिनाइ बाबजुद पुरा गरेरै छाड्ने र संविधानसभा नचाहनेहरुबाट निर्वाचन भाँड्नका लागि आकासै खसाल्ने योजना बनाए पनि त्यो दिवास्वप्नमात्र हुनेछ भन्नुभयो ।

हिजो वीरगन्जमा सातदलद्वारा आयोजित आमसभामा भएको बम विस्फोटनका सन्दर्भमा मन्त्री पौडेलले भन्नुभयो (राजावादीहरु संविधानसभाको निर्वाचन भाँड्न विभिन्न तानाबाना बुनिरहेका छन्, बम विस्फोटन गराउने र जनता तर्साउने खेलमा लागेका छन्, हामीहरु सचेत हुनुपर्छ ।

नेपाली जनतालाई कुनैपनि अधिनायकवाद स्वीकार्य नहुने बताउँदै उहाँले जुनरुप र ढाँचामा उभिए पनि अधिनायकवाद भनेको अधिनायकवाद नै हो, चाहे त्यो श्रीपेचसहितको होस् या श्रीपेचविहीनको । मधेसी जनताका अधिकांश माग पुरा भइसकेको र बाँकी माग पनि संविधानसभाको निर्वाचनपछि पुरा हुने मन्त्री पोडेलले बताउनुभयो ।उहाँले संविधानसभा निर्वाचनसम्बन्धी कार्यक्रम लिएर ग्रामीण जनताका घरदैलोमा पुग्न पार्टी कार्यकर्तालाई आग्रह गर्नुभयो ।

दुई काङ्ग्रेसको एकीकरणपछि जिल्लामा भएको पहिलो आमसभामा प्रतिकूल मौसमका बाबजुद हजारौं सर्वसाधारण तथा कार्यकर्ता गाउँ गाउँबाट सहभागी भएका थिए । रासस

# निर्वाचनलाई सफल बनाउन एकढिक्का हुनु आवश्यक:नेता घर्ती

**दमौली/ माघ १७** नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य दिलबहादुर घर्तीले आगामी चैत २८ गते हुने संविधानसभाको निर्वाचनलाई सफल बनाउन आम नेपाली जनता एकढिक्का हुनु आवश्यक रहेको बताउनुभएको छ ।श्रम तथा यातायात व्यवस्थामन्त्री रमेश लेखकले केही आपराधिक समूहले बम पड्काउँदैमा संविधानसभाको चुनाव नरोकिने बताउनुभयो । उहाँले सरकारले जस्तोसुकै सुरक्षाव्यवस्था अपनाएर भएपनि चुनाव तोकिएकै समयमा सम्पन्न गर्नेछ भन्नुभयो । नेपाल तरुण दलका केन्द्रीय महासचिव पुष्प पराजुलीले संविधानसभाको चुनाव सम्पन्न हुननसके मुलुकमा रक्तपातको आशङ्का व्यक्त गर्नुभयो ।

नेपाली काङ्ग्रेस, तनहुँका सभापति रघुनाथ पौडेलको सभापतित्वमा भएको सो सभामा पार्टीका युवानेता ध्रुव वाग्ले, नेविसङ्घका पूर्व अध्यक्ष गोविन्द भट्टराई, पार्टी महासमिति सदस्य रामचन्द्र पोखेलगायतका वक्ताले आसन्न संविधानसभाको चुनावमा नेपाली काङ्ग्रेसका पक्षमा जनमत जुटाउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो । रासस

## आजको सुनचाँदीको मूल्य विवरण

| विवरण | १० ग्राम |
|---|---|
| छापा सुन | १८,९५०/ - |
| तेजावी सुन | १८,८२०/- |
| असल चाँदी | ३४७/- |

## बारा नागरिक समाज कलैया बाराको सूचना

बारा नागरिक समाज कलैयाको प्रथम जिल्ला अधिवेशन मिति २०६४ माघ १९ गते शनिवार विहान १०:३० बजे देखि एभरेष्ट लज कलैयामा हुने भएकोले यस बारा नागरिक समाज कलैयाका सम्पूर्ण साधारण सदस्य महानुभावहरुलाई सो मिति, स्थान र समयमा उपस्थित भई दिनु हुनका लागि यसै सुचना मार्फत हार्दिक अनुरोध गरिन्छ ।

**सुख प्रसाद चौधरी**
**अध्यक्ष**
**बारा नागरिक समाज, कलैया**



विश्व समाचार

# दक्षिण कोरियामा जासूसी विमान दुर्घटना

**सोल/ माघ १७** नियमित प्रशिक्षण उडानमा रहेको एक मानव रहित दक्षिण कोरियाली जासूसी विमान बिहीबार उत्तर कोरियाको सीमाना नजिक दुर्घटना भएको छ ।सैन्य अधिकारीहरूका अनुसार पोचेन प्लान्ट रहेको ठाउँ नजिक एक निर्जन इलाकामा यो विमान ( अनम्यान एरियल भेहिकल) दुर्घटना भएको हो । यो ठाउँ सोलबाट ५० किलोमीटर उत्तरमा पर्दछ ।यसको लम्बाई ५.१५ मीटर छ र पखेटा ७.२ मीटरमा फैलिएको छ । यसले बढीमा १०० किलोमीटर दूरी सम्म तलाशी लिन सक्दछ ।दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले आफ्नो भू-भागमाथि जासूसी विमान उडाउने गरी आएको शिकायत उत्तर कोरियाले बारम्बार गरिआएको छ ।

यसैगरी अर्को समाचार अनुसार अनाधिकृत रुपमा यहाँ सञ्चालित पटाका कारखानमा विष्फोट हुँदा बीसजनाको मृत्यु भएको छ ।

विष्फोटमा परी ७५ जनाभन्दा बढी घाइते हुनका साथै लाखौं डलर बराबरको धनमाल जलेको प्रहरीले जनाएको छ । घाइतेमध्ये चारजनाको अवस्था गंभीर रहेको अस्पताल स्रोतले बताएको छ। उक्त कारखाना नजिक रहेको कपडा उद्योग र त्यसलाई आवश्यक पर्ने कच्चापदार्थ भण्डार गरिएको स्थानमा पनि व्यापक क्षति भएको जनाइएको छ। रासस

# चीनमा हिमपात बढ्या

**बेइजिङ/ माघ १७** विगत केही दिनदेखि देशका विभिन्न भागमा लगातार परेको हिउँका कारण हजारौं हेक्टर जग्गामा लगाइएको बाली नष्ट भएको छ ।

कृषि मन्त्रालयका एकजना वरिष्ठ अधिकारीले निरन्तरको हिमपातले हिउँदे बाली पूर्ण रुपमा नष्ट हुनका साथै फलफूल खेती पनि नराम्ररी प्रभावित भएको उल्लेख गर्दै यो वर्ष कृषि उत्पादनमा भारी ह्रास आउने बताएका छन् ।

मध्य तथा दक्षिणी भागमा परेको हिउँले त्यस क्षेत्रको फलफूल, तरकारी र अन्नबाली सखाप पारेको ती अधिकारीले बताए । रासस

# आणविक वार्ता गर्न फ्रान्सेली प्रधानमन्त्री जापान जाने

**टोकियो/ माघ १७** फ्रान्सका प्रधानमन्त्री फ्रान्को फिलोनले गैर सैनिक अणु सहयोगलगायतका मुद्दाहरूमा वार्ता गर्न आगामी अप्रिलमा जापानको भ्रमण गर्नुहुने भएको छ ।

भ्रमणका बेला फिलोनले जापानी प्रधानमन्त्री यासुओ फुकुदासँग भेटवार्ता गर्नुहुने र अणु उद्योगहरूको केन्द्र रोक्कासो शहरको भ्रमण गर्नुहुने फ्रान्सेली दूतावासले बिहीबार बताएको छ ।

राष्ट्रपति निकोलास सार्कोजीले गत वर्ष सत्ता सम्हालेदेखि यता जापान पुग्ने फिलोन पहिलो फ्रेन्च नेता हुनेछन् । सार्कोजीको पद ग्रहणपछि फ्रान्सले अल्जेरिया, भारत, लिबिया र कतारसँग अणु उर्जा सहयोग सम्बन्धी सम्झौताहरू गरिसकेको छ । रासस



फिल्मी दुनिया

# मिस युनाइटेड लागि छानिन् प्रतिष्ठा

अमेरिकाको साल्ट लेकमा हुनु गइरहेको युनाइटेड नेसन इन्टरनेसनल प्याजेन्ट सिस्टम २००८ का लागि नोपलबाट इलामकी प्रतिष्ठा प्रसाई छानिएकी छिन । विश्वका विभिन्न मुलुकका सुन्दरीको सहभागिता रहने अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठित यस प्रतिस्पर्धामा ३ वर्षदेखि मोडलिंग क्षेत्रमा क्रियाशील रहदै आएकी मोडल प्रतिष्ठा यसै हप्ता छनोटमा परेकी हुन ।


३ वर्षअघि गायक प्रवेशमान शाक्यको साथी मेरो वोलको गीतको म्युजिक भिडियोमा मोडलिंग गरेर ग्ल्यामरको क्षेत्रमा आएकी उनले विभिन्न म्युजिक भिडियो र विज्ञापनमा मोडलिंग गरेकी छिन । उनी हाल सगरमाथा मल्टिपल क्याम्पसमा स्नातक तहमा अध्ययनरत छिन । यनाइटेड नेसन प्याजेन्ट च्यारिटी कर्पोरेसन टेक्टास, अमेरिकाले अमेरिकाका विभिन्न शहरमा पंत्येक वर्ष आयोजना गर्दै आएको यस प्रतियोगितामा आफुले नेपालको प्रतिनिधित्व गर्न पाएकोमा खुसी व्यक्त गर्दै उनले भनिन्- यस्तो अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित प्रतियोगितामा मजस्तो साधारण नेपाली युवतीले भाग लिने अवसर पाउदा अत्यन्तै गौरवान्वित भएकी छु। उनलाई मुनसेलो इन्टरनेसनलले सो प्रतियोगितामा पुर्‍याउन लागेको हो ।

यस प्रतियोगिता मार्फत नेपालको नाम राख्न सक्दो प्रयास गर्नेछु। प्रतिष्ठा भनिन्छन। आगामी जुलाईको २१ देखि



२५ सम्म हुने सो प्रतियोगितामा विश्वका झण्डै ६० भन्दावढी सुन्दरीवीच प्रतिस्पर्धा हुदै छ । प्रतियोगितामा नेपालमा रहेका वादी महिलाको अवस्थावारे जानकारी प्रस्तुत गर्ने उनले वताइन ।

## नेशनल मेडिकल कलेज नै किन ?




यस अस्पतालका विशेषताहरू:
सबै रोगको अत्याधुनिक मेशिनबाट सुक्ष्म उपचार
स्वदेशी तथा विदेशी दक्ष चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण
सम्पूर्ण रोगको अलग-अलग विशेषज्ञहरूद्वारा उपचार
यसका अलावा सम्पूर्ण सुविधाबाट सुसज्जित

**नेशनल मेडिकल कलेज**
वीरगंज-१८, भेडियाही, पर्सा
फोन नं. ०५१-५३२२६०, ५३२२६१, ५२२९३६




कंम्पयुटरप्रविधिबाट बिल काट्दै सिमरास्थित नेपाल विद्युत प्राधिकरणका कर्मचारी। शाखाका१२ हजार १५ सय ग्राहकले मासीक रुपमा ५देखी ६ करोड रुपैया विद्युच महशुल बुझाउने गरेका छन्। *तस्वीरः उपेन्द्र लामिछाने*

## तिमिल्सिनाको चटनी



*अधिकार सबैले खोज्छन यहा*
*कर्तव्य अति नै न्यून छ*
*पेलेर मात्र लान खोज्छन यहा*
*यही त अवगुण छ*
*अधिकारको कुरा गर्दा*
*अर्काको हक खोस्नु हुन्न*
*कर्तव्यको ख्याल नगरी*
*पाइने अधिकार कुन छ ?*

## चुरे पहाडबाट हेर्दा बेईमान राजनैतिक दल ...



सातदलको अन्तिम जनसभा बीरगंजमा हुंदा बिद्रोही समुहहरुले रंगशालामा पड्काएको बमको भर्तसना गर्न पछि न पर्ने बेईमान राजनैतिक दलहरुले ईन्द्रेणी एफएमले सो सभालाई शिखर सम्म पुऱ्याउन गरको योगदानवापत प्रताडित हुनु परको बम आतंकको बारेमा एउटा शब्द सम्म बोल्न न सकेको देख्दा सुलसुलेले बेईमान राजनैतीक दलको नैतिकतामाथि प्रश्न उठाए।

# सेना तत्काल मधेसमा परिचालन हुँदैन – पौडेल
# कसैले चाहदैमा संविधानसभाको चुनाव रोकिदैन- सिटौला


■कृपा संवाददाता———
काठमाडौं, १७ माघ/ शान्ति तथा पुनः निर्माण मन्त्री एवं नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले अहिले मधेसमा सेना परिचालन गरिने संभावना नरहेको कुरा वताउनु भएको छ।

विहीवार विहान प्रेस युनियन वाग्लुङले आयोजना गरेको पत्रकार सम्मेलनमा वोल्दै मन्त्री पौडेलले यस्तो कुरा गर्नु भएको हो। उहाँले तराईमा आन्दोलनरत पक्षसँग वार्ताको तयारी भइरहेको जानकारी पनि दिनुभयो।

सरकार वार्तावाट नै समस्या समाधान होस् भन्ने पक्षमा रहेका कारण तत्काल मधेसमा सेना परिचालन हुने संभावना नरहेको दावी गर्नुभयो। यद्यपी पौडेलले तराईमा आन्दोलनरत पक्ष नै वार्तामा आउन नचाहेका कुरा गर्नुभयो।

पत्रकारहरुको एक प्रश्नको जवाफमा पौडेलले राजसंस्थाका विरुद्धमा अभिव्यक्ति दिने जो कोहीलाई विधान वमोजिम कारवाही गरिने दावी गर्नु भएको छ। कांग्रेस अव राजसंस्थाको पक्षपाती हुन नसक्ने कुरा पनि गर्नु भएको छ। नेपाली कांग्रेसका जो कोहीले पनि राजसंस्थाका पक्षमा अभिव्यक्ति दिए कारवाही गरिने दावी गर्नुभयो। यसैवीच गृहमन्त्री एवं कांग्रेसका केन्द्रीय सदस्य कृष्ण प्रसाद सिटौलाले कसैले चाँहदैमा संविधानसभाको चुनाव अव नरोकिने दावी गर्नु भएको छ। विहीवार झापामा आयोजित सभालाई संवोधन गर्दै सिटौलाले तराईमा पड्किएका सामान्य वमले चुनावलाई कुनै असर नगर्ने दावी गर्नु भएको छ। सिटौलाले संविधान सभाको निर्वाचन नेपाली जनताको चाहना र माग भइसकेका कारण कुनैपनि हालतमा अव चुनाव कसैले रोक्न नसक्ने जिकिर गर्नुभयो। सरकारले जनता सामु चुनाव गराउने प्रतिवद्धता जायर गरिसकेका कारण चुनाव कुनैपनि हालतमा तोकिएकै समयमा सम्पन्न गराइने दावी गर्नुभयो।





## मकवानपुरका दलहरू चुनावी अभियानमा

*मकवानपुर/माघ १७* **संविधानसभाको निर्वाचनको प्रचारप्रसारमा मकवानपुरका राजनीतिक दलहरू संयुक्त रूपमा जुटेका छन्।**

**दलहरूले जिल्लास्तरमा चुनावी वातावरण बनाउन सबै गाविसका मतदातालाई जागरण गर्न चार स्थानमा संयुक्त सभा गर्ने रणनीतिसमेत तय गरेका छन्।**

**जिल्लाको मुख्य हेटौँडा, पश्चिम मनहरी, उत्तर पालुङ र पूर्व फापरबारी गाविसमा पाँच दलको संयुक्त सभा गर्ने तयारी भएको दलहरूले जनाएको छ। पाँच दलले संविधानसभाको प्रचारप्रसार सङ्गठन सुदृढीकरण निर्वाचन परिचालन कमिटी निर्माणलगायत कामहरू तीव्र गरिरहेका छन्।**

**नेकपा (एमाले) मकवानपुरले माघ १८ देखि ४ गतेसम्म नगरको ११ वटै वडा र ४३ वटै गाविसमा कमिटी गठन गरी संविधानसभाको प्रचारप्रसारमा लागेको जानकारी जिल्ला सचिव एवम् सांसद कृष्णप्रसाद दाहालले दिनुभयो।**

**त्यस्तै नेकपा (माओवादी)ले एकमहिने जनअभियान सञ्चालन गरेको छ भने नेपाली काङ्ग्रेस मकवानपुरले ४३ वटै गाविसमा जिल्लास्तरका नेतालाई परिचालन गरी प्रचारप्रसारमा जुटेको जिल्ला सभापति माइकल रामचन्द्र अर्यालले बताउनुभयो। यसैगरी वाममोर्चा र जनमोर्चाले बैठक बसी चुनावी अभियान सुरु गर्ने जनाएको छ। रासस**

## अध्यक्ष र कोषाध्यक्ष निश्कासित

■कृपा संवाददाता———
वीरगंज, १७, माघ / नेपाल राष्ट्रिय बारी महिला कल्याण संस्थाका अध्यक्ष र कोषाध्यक्षलाई साधारण सदस्यबाट समेत निश्कासित गरेको जनाएको छ। वीरगंज १०मा विहीबार बसेको बैठकले अध्यक्ष करिना बेगम तथा कोषाध्यक्ष शैयद सुफी फरयादलाई निश्कासित गरिएको संस्थाका कार्यबाहक अध्यक्ष मनोज कुमार रौनियारले विज्ञप्ती मार्फत जनाएका छन्।

संस्थालाई सहयोग गरे बापत सरस्वतीदेवी, रामपुकार रौनियार, विभा कुमारी, चन्चला देवी, रामबाबु बैठकले धन्यावाद ज्ञापन गरेको जारी विज्ञप्तीमा जनाइएको छ।

## हजुरबुबाको नातीले ज्यान....

■कृपा संवाददाता———
रौतहट, १७, माघ / सर्लाही भई रौतहट मावली आएका एक बालकको मामा घरमै भएको बयलगाढाले किची ज्यान गएको छ।

प्राप्त समाचार अनुसार रौतहटको संग्रामपुरमा आएका देवधरी चौधरीका छोराको ज्यान गएको जनाइएको छ। आफ्नो घरमा रहेको गाढा खेतमा लैजाने क्रममा सो गाढाले किची बालकको ज्यान गएको हो।

# गाविस सचिवहरु धर्नामा

*गौशाला/ माघ १७* **महोत्तरी जिल्लाका सम्पूर्ण गाविस सचिवहरु आफ्ना अपहृत साथीको मुक्तिको माग गर्दै आजदेखि महोत्तरी जिल्ला विकास समितिमा अनिश्चितकालीन धर्नामा बसेका छन्। गत पुस २६ गते अज्ञात समूहद्वारा महोत्तरी जिल्लाको बसानिही गाविसका सचिव अलाउद्दीन अन्सारीको अपहरण भएकोमा उहाँको सकुशल र छिटो मुक्तिको माग राखी सम्पूर्ण कामकाज ठप्प गरी जिल्लाका प्रत्येक गाविसका सचिवहरु सो धर्नामा बसेका छन्।**

**तीन साता अघि अपहरणमा परेका सचिव अंसारीलाई तीनदिन भित्र मुक्त गराउन मघ १३ गते जिल्ला प्रसाशनलाई दिएको अल्टिमेटमको म्याद सकिसक्दा पनि सचिवको कुनै अत्तोपत्तो नलागेकोमा उहाँको अपहरण मुक्ति नभएसम्म निरन्तर धर्नामा बसिराख्ने र थप विरोधका कार्यक्रमहरु समेत गरिने गाविस सचिव हकहित संरक्षण केन्द्र महोत्तरीले जनाएको छ। रासस**

## अपरान्हबाट वीरगंजको जनजीवन सामान्य

■कृपा संवाददाता———
वीरगंज, १७, माघ / सात दलको गठबन्धनले वीरगंजमा आयोजना गरेको सभामा बम विष्फोट भएपछि आतंकित बन्न पुगेको वीरगंजको जनजीवन विहीबार अपरान्हबाट सामान्य बनेको छ।

जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला समूहको भातृसंगठन संयुक्त मधेशी विद्यार्थी मोर्चाका बन्द आव्हानका कारण थप जनजीवन प्रभावित भएको हो। यद्यपी विहीबार अपरान्ह ३ बजेसम्म वीरगंजको जनजीवन सामान्य बन्दैआएको हो।

वीरगंजबाट ३ दिनदेखि नचलेका छोटो दुरीका सवारी साधन समेत सुचारु भएका थिए। वीरगंजको मुख्य सडक खण्ड बाहेक भित्री बजार पूर्णरुपमा खुलेका थिए। बन्दका कारण वीरगंजका शैक्षिक संस्थाको पठन पाठन भने ठप्प रहेका थिए।

## नेपाल स्वास्थ्यकर्मी युनियन बाराको सूचना

बारा जिल्लाका सम्पूर्ण स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी ज्यूहरुले नेपाल स्वास्थ्यकर्मी युनियनको राष्ट्रिय महाधिवेशनको लागि जिल्ला स्तरीय भेलामा सहभागी भई दिन हुन हार्दिक अनुरोध गर्दछौ।

**स्थानः कलैया नगरपालिकाको सभा कक्ष**
**समयः विहान ११ बजे**
**मितिः २०६४/१०/१८ गते शुक्रवार**

**प्रार्थी**
**आयोजक कमिटि**
**नेपाल स्वा. कर्मी युनियन**
**बारा**

# समाचार संक्षेप

## प्रतिवेदन पालना गर्न बन्दीहरुको आग्रह

■कृपा संवाददाता———
वीरगंज १७ माघ / पर्सा गणतान्त्रिक कारागारका सम्पूर्ण कैदी वन्दीहरुले उच्च स्तरीय कारागार सुधार समितिको प्रतिवेदनलाई तत्काल पालना गर्न आग्रह गरेका छन्।

विहीवार उक्त कारागारका वन्दीहरुले प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालालाई एक ज्ञापन पत्र पठाउदै यस्तो आग्रह गरिएको कैदी वन्दीका तर्फबाट योगेन्द्र राय यादवले जानकारी दिनु भयो। सरकार समक्ष प्रस्तुत गरिएका मागलाई कार्यान्वयन गर्ने प्रतिवद्धता स्वरुप कार्तिक २१ बाट आन्दोलन स्थगित भएको पनि उहाँले स्मरण गराउनु भयो।

प्रधानमन्त्रीलाई पठाइएको उक्त ज्ञापन पत्रमा कारागार उच्च स्तरीय सधुार समितिको प्रतिवेदन तत्काल कार्यान्वयन नगरिए पुनः कैदी वन्दीहरु आन्दोलनमा होमीने चेतावनी समेत दिइएको छ। यद्यपी आफूहरुले आन्दोलन नचाहेको जिकिर समेत ज्ञापन पत्रमा गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोग लगायतका कतिपय संगठनले तयार पारेको प्रतिवेदनलाई समेत सार्वजनिक गर्न माग गरिएको छ।

देशभरका कैदीहरुलाई आम माफी दिनुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका वीरगंज कारागारका कैदीवन्दीहरुले विगत लामो समय देखि आन्दोलन गर्दै आइरहे वमोजिम विहीवार उक्त ज्ञापन पत्र प्रधानमन्त्रीलाई पठाएका हुन्।

## सद्भावना जिल्ला कार्यसमिति पुर्नगठन

■कृपा संवाददाता———
वीरगंज १७ माघ / नेपाल सद्भावना पार्टी जिल्ला कार्य समिति पर्सा पुर्नगठन गरिएको छ।

सो पार्टीका पर्सा जिल्ला अध्यक्ष निजामुद्दिन समानीको अध्यक्षतामा विहीवार वसेको वैठकले उक्त समिति पुर्नगठन गरेको हो। पर्नुगठित समितिका उपाध्यक्षमा मोहन यादव, उमेश्वर दहित, सचिवमा शिव पटेल, राजेश कुमार साह तथा कोषाध्यक्षमा रामासिष प्रसाद धानुक रहनु भएको छ।

त्यसैगरी सफामद अन्सारी, अनुकद्ध प्रसाद कुर्मी, देवेन्द्र साह, गगन देव प्रसाद कुर्मी, मुन्नी देवी, पुष्पा श्रीवास्तव, इन्द्रासन प्रसाद चौरसिया, नागेन्द्र सिंह, रोशन सिंह रहेको जिल्ला सचिव राजेश कुमार साहद्वरा जारी विज्ञप्तिमा जनाइएको छ। त्यसैगरी पार्टीको जिल्ला सल्लाहकारको रुपबाट डा. रविन्द्र कुमार सिंह, देव नारायण साह तथा ब्रजनाथ उपाध्याय रहनु भएको पनि जनाइएको छ। पार्टीलाई सांगठित र मर्यादित वनाउनका लागि जिल्ला कार्य समिति पुर्नगठन गरिएको विज्ञप्तिमा वताइएको छ। यद्यपी जिल्ला कार्य समिति पर्साको अध्यक्ष पदमा भने निजामुद्दिन समानी नै रहनु भएको छ।

## अज्ञात युवकको शव बरामद

■कृपा संवाददाता———
कलैया १७ माघ / छातीमा गोली हानी हत्या गरिएका एक युवकको शव विहीवार प्रहरीले वरामद गरेको छ।

बारा जिल्लाको मझौलीया गाविसको टेंग्राहा नदी नजिक रहेको कुलोमा ३२ वर्षीय एक अज्ञात युवकको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

अज्ञात युवकको शवको वारेमा थप आवश्यक अनुसन्धान भइरहेको प्रहरीले वताएको छ। गोली कसले प्रहार गरेको हो सो वारेमा समेत अनुसन्धान भइरहेको उक्त प्रहरी कार्यालयले जनाएको छ। यद्यपी युवकको नाम, ठेगाना खुल्न नसकेको पनि प्रहरी कार्यालय बाराले जनाएको छ। पोष्टमार्टमको लागि उक्त युवकको शव कलैया अस्पतालमा राखिएको पनि वताइएको छ।

## विद्युतको तालाबन्दी खुल्यो

■कृपा संवाददाता———
चपुर १७ माघ / केही दिन अघि स्थानीय उपभोक्ताहरुले नेपाल विद्युत प्राधिकरण शाखा कार्यालयले अनियमित तरिकाले विद्युत कटौती गर्ने गरेको आरोप लगाउदै उक्त कार्यालयमा लगाइदिएको तालाबन्दी खुलेको छ।

विहीवार विद्युत प्राधिकरण शाखा कार्यालय चन्द्रनिगाहपुरका प्रमुख अन्जनी प्रसाद सिंह र स्थानीय उपभोक्ताहरु वीच सहमति भएपछि उक्त कार्यालयमा लगाइएको ताला खुलेको हो। सहमति अनुसार विद्युत प्राधिकरण चन्द्रनिगाहपुर शाखाले अव उपरान्त अनियमित तवरले विद्युत कटौती नगर्ने प्रतिवद्धता जनाएको वताइएको छ।

सो कार्यालयले दैनिक १५ घण्टा विद्युत कटौती यसअघि गर्ने गरेको आरोप स्थानीय उपभोक्ताहरुले लगाएका थिए। यद्यपी विद्युत प्राधिकरण चपुर शाखाले भने वाध्यताले १५ घण्टा विद्युत कटौती गर्ने गरेको दावी गर्दै आएको थियो।

यसैवीच सातदलको वीरगंजमा भएको आमसभालाई लक्षित गरी नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय वीरगंजले विद्युत आपूर्ती दुई दिनका लागि सुचारु गरेको भएपनि विहीवारबाट पुनः कटौती गरेको छ। विहीवार देखि पुर्व तालिका अनुसार नै विद्युत कटौती भने उक्त शाखाले जनाएको छ। सो शाखाले हाल दैनिक ६ घण्टा विद्युत कटौती गर्दै आइरहेको छ।